annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २०२ पृष्ठ १० | काठमाडौं, बुधबार १२ मंसिर २०८१ | मार्ग कृष्णपक्ष एकादशी नेपाल संवत् ११४५ | WEDNESDAY, NOVEMBER 27, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## अन्तिम घडी, मतदाता रिझाउने होडबाजी

आइतबार, स्थानीय तह उपनिर्वाचन हुँदैछ। दलहरूले चुनावलाई प्रतिष्ठाको लडाइँ बनाएका छन्। त्यसैकारण, मतदाता रिझाउन होडबाजी चलेको छ। मतदातालाई पनि चुनावी रन्कोले छोएको छ।

शिवराज भट्ट | *धनगढी*
किशोर बुढाथोकी | *विराटनगर*
राजेन्द्र कार्की | *जाजरकोट*
हिक्मतबहादुर नेपाली | *दैलेख*
भवानी खड्का | *दोलखा*
बिस्नप्रसाद न्यौपाने | *वीरेन्द्रनगर*
निराजन सिर्पाली | *रुकुमपूर्व*
नरजन तामाङ | *हुम्ला*

– को रिपोर्ट

समाचार पृष्ठ २



जाजरकोटमा एमाले उम्मेदवार भोट माग्दै।

रुकुमपूर्वमा माओवादीको चुनावी सभा।

मोरङमा कांग्रेस उम्मेदवार भोट माग्दै।

## भारतबाट आएका २ चिनियाँ पक्राउ

**कपिलवस्तु** (अन्नपूर्ण) : भारतबाट नेपाल प्रवेश गर्दै गरेका दुई जना चिनियाँ नागरिकलाई नेपाल प्रहरीले पक्राउ गरेको छ। शुद्धोधन गाउँपालिका–५ घेराउजोतस्थित नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त गस्ती टोलीले भारतबाट अवैध रूपले नेपाल प्रवेश गर्दै गर्दा उनीहरूलाई पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक मोहनमणि अधिकारीले बताए।

पक्राउ पर्ने चिनियाँ नागरिकमा ३२ वर्षीय लिगुआनगुई र ३५ वर्षीय ताओ रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। पक्राउ परेका दुई चिनियाँ नागरिकसँगै रहेका पथ प्रदर्शक भारत सिद्धार्थनगर जिल्ला कक्रहवाका २३ वर्षीय अरबाज शेषलाई समेत प्रहरीले पक्राउ गरेको छ। पक्राउ परेका दुई चिनियाँ नागरिक र पथप्रदर्शक तीन जनालाई प्रहरीले थप अनुसन्धान तथा कारबाहीका लागि अध्यागमन कार्यालय रूपन्देही बेलहिया पठाएको थियो। जसमध्ये पथप्रदर्शक भारतीय नागरिक अरवाज शेषलाई अध्यागमन कार्यालय बेलहियाले आवश्यक सोधपुछ गरी पुनः थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय कपिलवस्तुमा फिर्ता पठाएको छ।

## भद्रगोल सडक विस्तार, दाउन्नेको बेहाल

**रमेश बस्ताकोटी** | *नवलपुर*

बुटवल-नारायणगढ यात्रा गर्ने जो कोहीले खाना खानका लागि रोज्ने गर्थे, दाउन्ने। लोकल कुखुराको मासुसँगै पहाडका स्वादिला मिष्ठान्नका लागि दाउन्ने प्रख्यात थियो। तर, बुटवल-नारायणगढ सडक विस्तारमा भएको हेलचेक्र्याइँले दाउन्नेको परिचय मेटिँदैछ। धूलो र धुवाँको मुस्लोले यहाँ खाना/खाजा खान कुनै पनि गाडी रोकिँदैनन्। त्यसैकारण, यहाँका व्यापारी विस्थापित भइरहेका छन्। लामो समयदेखि दाउन्नेमा होटल व्यवसाय गर्दै आएका विष्णु गुरुङले बाटो निर्माणमा भएको ढिलाइले गर्दा अहिले दाउन्नेको व्यापार चौपट भएको गुनासो गरे। उनले यहाँको व्यापार दुई तिहाइले घटेको बताए।

'जताततै बाटो भत्काइएको छ, बन्ने कहिले हो ठेगान छैन, यसले गर्दा विगत तीन/चार वर्षयता व्यापार चौपट भएको छ', उनले भने। व्यापार नहुँदा आफूहरू विस्थापित हुने अवस्थामा पुगेको बताए। 'पहिले दैनिक ७० देखि ८० हजार व्यापार हुन्थ्यो, अहिले मुस्किलले १०/१५ हजार हुन पनि गाह्रो छ', उनले भने, 'केही साथीहरू व्यापार नभएपछि वैकल्पिक उपायको खोजीमा हुनुहुन्छ, केही विस्थापित हुनुभयो, यस्तै अवस्था रहिरहे राजमार्गका व्यवसायीहरू अब धेरै दिन टिक्ने अवस्था छैन।'

सडक विस्तारका क्रममा गरिएको लापरबाहीका कारण पहिरोले होटल नै लगेपछि विस्थापित भए, व्यापारी बुद्ध गुरुङ। उनले भने, 'नाला पुरेर पानीको निकास नदिइकन विस्तार गर्न खोज्दा मेरोसहित ६ वटा होटल पहिरोले लग्यो, अहिले विस्थापित भएर अन्य वैकल्पिक पेसा गरेर बसेका छौं।' उनले पटकपटक सम्बन्धित निकायमा गएर हारगुहार गर्दा पनि कसैले नसुनेपछि विस्थापित नै हुनु परेको बताए। गुरुङसहित दाउन्नेका ६ वटा होटलहरू विस्थापित भएका हुन्।

होटल व्यवसायी सुशील टण्डनले बाटो फराकिलो होला र अझ व्यवसाय राम्रो होला भन्ने आसमा लामो समय बसे पनि यसमा ढिलाइ हुँदा निकै मर्कामा परेको बताए। उनले बाटो विस्तार हुनुपर्छ भनेर सक्दो सहयोग गरेको भए पनि कहिलेसम्म



बनिसक्छ भन्ने टुंगो नलाग्दा पेसाबाट विस्थापित हुनपर्ने अवस्था आएको बताए। 'बाटो विस्तार हुनु राम्रो कुरा हो भनेर हामी खुसी भयौं, तर वर्षौं भइसक्दा पनि बाटो अलपत्र छ, कहिले बन्ने हो कसैले भन्न सक्दैन। यस्तो अवस्थामा अब व्यवसाय बन्द गर्नुपर्ने अवस्था छ', टण्डनले भने। बुटवल–नारायणगढ सडक विस्तारमा ढिलाइ हुँदा राजमार्गमा आश्रित नवलपुरका होटल व्यवसायी विस्थापित हुन थालेका छन्। ठेकेदार कम्पनी चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनको म्याद पटकपटक थपिए पनि बाटो बन्न सकेको छैन। त्यसैकारण, व्यवसायी विस्थापित हुन थालेको होटल व्यवसायी संघ नवलपुरका अध्यक्ष सन्तोष रानाले बताए।

'धूलो र सडकको भद्रगोल अवस्थाले गर्दा नवलपुर क्षेत्रमा कुनै पनि सवारी रोकिँदैनन, रानाले भने, त्यसैकारण राजमार्गमा आश्रित व्यवसायीहरू विस्थापित हुन थाले।' धूलोका कारण होटल खोल्न सक्ने अवस्था नरहेपछि सटर लगाएर बन्द गर्नु परिरहेको बताए। नवलपुर जिल्लामा गैंडाकोटदेखि दाउन्नेसम्म ६९ किमि राजमार्ग पर्छ। यो राजमार्गसँग आश्रित भएर सयौं होटल सञ्चालनमा छन्। 'जताततै बाटो भत्काइएको छ, बन्ने कहिले हो कुनै ठेगान छैन। यसैकारण ६० देखि ७० प्रतिशत व्यापारमा कमी आएको छ', अध्यक्ष रानाले भने। उनले व्यवसायीहरूको गुनासो लिएर सडक निर्माण कम्पनी, स्थानीय प्रशासनलगायत सम्बन्धित ठाउँमा पटकपटक गए पनि सुनुवाइ नभएको बताए।

बाँकी पृष्ठ ६

